नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)


पत्र संख्या : ०८१/०८२ चलानी नं. : १८३

नेपाल सम्वतः ११४५

मितिः- २०८१/१०/१८

**विषय : सहभागिता सम्वन्धमा ।**

**श्री प्रमुख प्रशासकीय अधिकृत,**

मधेश प्रदेशका सर्लाही, वारा, पर्सा र रौतहट जिल्लाका सवै (६८ वटा) स्थानीय तह ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजना तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको व्यवस्थापनमा स्थानीय तहले आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरेका कार्यहरुको समीक्षा, असल अभ्यास सम्बन्धमा अनुभव तथा सिकाइको आदान-प्रदान सम्वन्धी प्रदेश स्तरीय कार्यक्रम माननीय मन्त्रीज्यू र श्रीमान् सचिवज्यूको समुपस्थितिमा देहायको मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा यसैसाथ संलग्न प्रस्तुतीकरणको ढाँचामा विवरण तयार गरी प्रस्तुतीकरण सहित सहभागी हुनुहुन अनुरोध छ ।

मितिः २०८१।१०।२२ देखि २४ गतेसम्म ।
आइपुग्नु पर्ने समयः २०८१।१०।२२ गते वेलुकी ४:०० बजे सम्म ।
स्थानः टाउन हल होटल एण्ड पार्टी प्यालेस, वीरगंज, पर्सा ।

(रुद्र सिंह तामाङ)
**सहसचिव**

**नोटः**

- कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत (वा मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न तोकिएको अधिकृत) स्वयं कार्यक्रम अवधिभर अनिवार्य उपस्थित हुनुपर्नेछ ।
- कार्यक्रम अवधिभर खाना, खाजा तथा आवासीय व्यवस्था कार्यक्रम व्यवस्थापकको तर्फबाट हुनेछ । कार्यक्रममा कार्यालयको सवारी साधन सहित उपस्थित हुने र सवारीचालकको समेत आवासीय व्यवस्था गर्नुपर्ने भएमा सोको जानकारी कार्यक्रम शुरु हुने अघिल्लो दिन १२ बजे भित्र कार्यक्रम व्यवस्थापकलाई उपलब्ध गराउनु पर्नेछ । दैनिक तथा भ्रमण भत्ता लगायतका कुनैपनि खर्च उपलब्ध गराईने छैन ।
- यस मन्त्रालयको च.नं. ६२ मिति २०८१।०७।०७ को पत्रबाट अनुरोध गरिए बमोजिमको अनलाइन Google Form (http://bit.ly/progressrev) मा प्रगति प्रविष्टी भएको सुनिश्चित गरी सोको आधारमा संलग्न ढाँचाको प्रस्तुतीकरण सहित उपस्थित हुनुपर्नेछ। प्रति स्थानीय तह प्रस्तुतीकरणको लागि १० मिनेट समय उपलब्ध गराईने छ।
- कार्यक्रमको उद्घाटन सत्र, समापन सत्र सामुहिक रुपमा हुनेछ । स्थानीय तहबाट हुने प्रस्तुतीकरण र सो सम्वन्धी मन्त्रालयको प्रस्तुतीकरणको लागि सहभागी स्थानीय तहको संख्याका आधारमा आवश्यकता अनुसार समुहमा विभाजन गरी समानान्तर रुपमा प्रस्तुतीकरणको व्यवस्था मिलाईने छ ।
- जिल्ला अन्तर्गतको सवै स्थानीय तहको प्रस्तुतीकरण पश्चात जिल्ला समन्वय अधिकारीलाई Observation मन्तव्य/प्रस्तुतीकरणका लागि समय उपलब्ध गराईने छ ।
- कार्यक्रममा आवास तथा अन्य व्यवस्थापकीय जानकारी आवश्यक भएमा ९८४१४९१९३६/९८५१२२०१८० मा सम्पर्क राख्न सकिने छ ।
- कार्यक्रमको प्रस्तुतीकरणका विषयवस्तु सम्वन्धी थप जानकारी आवश्यक भएमा भएमा ९८५१०३१६२७ /९८४३५५४८८८ मा सम्पर्क राख्न सकिने छ ।

**वोधार्थः-**

श्री जिल्ला समन्वय अधिकारी,

मधेश प्रदेशका सर्लाही, वारा, पर्सा र रौतहट जिल्ला : आफ्नो जिल्ला भित्रका स्थानीय तहको सहभागिता र विवरण प्रविष्टीमा आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन।


सिंहदरबार, काठमाडौं (+९७७)-(१) ४२०००००, ४२००३२३